# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, चैत्र २१ गते २०२३ साल [ अतिरिक्ताङ्क ५८

**श्री ५ को सरकार**

कानून तथा न्याय–मन्त्रालय

**श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए-बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–**

**२०२३ सालको अध्यादेश नं. ४**

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 6025

## त्रिभुवन विश्वविद्यालय ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः– त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ (यसपछि मूल ऐन भनिएको) लाई तत्काल संशोधन गर्न वान्छनीय भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो अध्यादेशको नाम "त्रिभुवन विश्वविद्यालय (संशोधन) अध्यादेश, २०२३" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २० मा संशोधनः– (१) मूल ऐनको दफा २० को उपदफा (१) को खण्ड (६) को सट्टा निम्नलिखित खण्ड (६) राखिएको छः–

"(६) सिनेटका सदस्यहरूले आफू मध्येबाट सिफारिश गरी चान्सेलरबाट मनोनित भएका तत्काल डिन वा प्रिन्सिपलको पदमा नरहेका चारजना सिनेटका सदस्यहरू,"

(२) मूल ऐनको दफा २० को उपदफा (१) को खण्ड (६) पछि निम्नलिखित खण्ड (७) थपिएको छः–

"(७) सिनेटमा सदस्य भएका विश्वविद्यालय कलेजका दुइजना प्रिन्सिपलहरू,"

३. मूल ऐनको दफा २१ मा संशोधनः– मूल ऐनको दफा २१ को उप-दफा (१) को खण्ड (ट) को (१) को उप-खण्ड (ख) को सट्टानि म्नलिखित उप-खण्ड (ख) राखिएकोछः–

"(ख) विश्वविद्यालय प्रसार कार्यहरू,"

लालमोहर सदर मिति २०२३।१२।२१।२

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।